**Constitution Building e-Bulletin**

A quick and easy way to update yourself on the latest CCD news.

CCD
Centre for Constitutional Dialogue
संवैधानिक संवाद केन्द्र

आदरणिय पाठकवृन्द,

सञ्चारको एउटा नयाँ माध्यम संविधान निर्माण ई-बुलेटिन, वर्ष १, अङ्क १, २०६६ यहाँलाई उपलब्ध गराइएको छ । यसमा नेपालमा संविधान निर्माणको क्षेत्रमा काम गर्ने व्यक्तिहरूका साथै नेपालको नयाँ संविधान निर्माणसम्बन्धी भइरहेका कामका सम्बन्धमा चासो राख्ने अरु नागिरकहरुका लागि रोचक तथा आवश्यक जानकारी र सामग्रीहरू उपलब्ध छन् । संविधानसभालगायत संयुक्त राष्ट्रसंघ, दाताहरु , सञ्चार माध्यम, नागरिक समाज संस्थाहरू, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू तथा अन्य सहयोगी संस्थाहरूको संयोजनमा यो तयार गरिएको छ । सहज पहुँचका लागि यो जानकारी संवैधानिक संवाद केन्द्र (सीसीडी) को वेबसाइटमा पनि राखिने छ । हामी पछिल्ला अङ्कहरुमा सुधार गर्न तथा वेबसाइटमा राख्नका लागि यहाँहरूसँग रहेका महत्वपूर्ण सामग्री तथा जानकारीहरू सीसीडीको सञ्चार समूहसँग साझेदारी गर्न प्रोत्साहित गर्दछौ। कृपया यहाँसँग भएका सुझावहरु आवश्यकता अनुरुप वेब लिङ्क्स सहित info@ccd.org.np मा पठाउनुहोस् ।

यो ई-बुलेटिन यहाँहरूका लागि रोचक र सहयोगी हुने अपेक्षा हामीले गरेका छौं ।

धन्यवाद,

संवैधानिक संवाद केन्द्र (सीसीडी)

# यो ई-बुलेटिन भित्र


- **जारी रहेको संविधान निर्माण प्रक्रियाबारे जानकारी**
- **संवैधानिक संवाद केन्द्रका गतिविधिहरू**
- **जनताको आवाज : संविधान निर्माणका समबन्धमा चितवनबाट आएका विचार**
- **संविधानसभाका महिला सदस्य मोहमद्दी सिद्दिकीसँगको अन्तरवार्ता**
- **संवैधानिक पहुँचका लागि प्रमुख प्रशिक्षक तालिम**
- **प्रश्नावली तपाईले चाहनु भएको कुरा हामीलाई भन्नुहोस्**
- **संविधान निर्माणसम्बन्धी स्रोत सामग्री तथा नयाँ प्रकाशनहरू**

# जारी रहेको संविधान निर्माण प्रक्रियाबारे जानकारी

**परिचय :**

नेपालमा नयाँ संविधान निर्माणको अन्तिम प्रयास जारी छ । यो ऐतिहासिक दस्तावेज पहिलेका जुनै पनि संविधानभन्दा बढी प्रजातान्त्रिक र बढी समावेशी हुनेछ । केही ठाँउका निराशाजनक अनुमानबाहेक संविधानसभा (नेपालको इतिहासमा सबैभन्दा बढी प्रतिनिधित्व रहेको निकाय) केही महिनाभित्रै यो ऐतिहासिक दस्तावेज पूरा गर्ने तयारीमा छ । अघिल्लो महिना सबै विषयगत समितिका सबै अवधारणापत्रहरूमाथि संविधानसभामा छलफल गरियो ।

संविधान निर्माण प्रक्रियाको शुरुमा संविधानसभाले मसौदा संविधानका खास भागहरूमा छुट्टा छुट्टै रुपमा जिम्मेवार भएर काम गर्नका लागि १० वटा विषयगत समितिहरूको व्यवस्थापन गरी तयारी गर्यो । संविधानसभाका समितिका सबै सदस्यहरुलाई समितिका प्रतिवेदन लेख्ने जिम्मेवारी दिइयो जसले उनीहरूको सोचाइअनुसार नयाँ संविधानमा समावेश गराइनु पर्ने विषयको जानकारी प्रदान गर्यो । संवैधानिक समितिले सबै अवधारणापत्रहरूलाई एकीकृत गरेर सबै व्यवस्थाहरूलाई समावेश गरी फागुन २१ गतेभित्र मसौदा संविधान तयार गर्ने जिम्मेवारी पाएको छ । संवैधानिक समितिका दुईवटा जिम्मेवारीहरू छन् : पहिलो जिम्मेवारी विषयगत जिम्मेवारीको हिस्साको रूपमा विषयगत समितिको प्रतिवेदन तयार गर्नु र दोस्रो जिम्मेवारी संविधानको पहिलो मसौदा तयार गर्नका लागि दशवटै विषयगत समिति र संवैधानिक समितिका प्रतिवेदनहरूलाई एकत्रित गर्नु हो । नयाँ संविधानका लागि प्रारम्भिक विषयसूची सिफारिश गर्नका लागि संवैधानिक समितिले वर्षमान पुनको अध्यक्षतामा दस सदसीय उप-समिति गठन गरेको छ ।

विषयगत समितिका सभापतिहरुको नाम र अवधारणापत्रहरूका लागि संवैधानिक संवाद केन्द्रको वेबसाइटको „स्रोतसामग्री‟ हेर्नुहोस् । समयको अभावले सबै अवधारणापत्रहरू पढ्न नचाहनेहरुका लागि हामीले समाधान हुन बाँकी सहमतिका क्षेत्रहरू र विवादित मुद्दाहरू तल तयार गरेका छौं । यो संक्षिप्त विवरण **निर्माणाधीन संविधान** अन्तरगत पनि वेबसाइटमा राखिएको छ ।

ठूला दलहरु (ए. नेकपा-माओवादी, नेकपा-एमाले, र नेपाली काँग्रेस) का शीर्ष नेताहरू सम्मिलित उच्चस्तरीय राजनीतिक संयन्त्र सहमतिको समाधानतिर नलागेको कुरा पत्र-पत्रिकाहरूले व्यापक रूपमा उठाएका थिए । शीर्ष नेताहरू चाँडै नै यस प्रक्रियामा आउने अनुमान गरिएको छ ।

समयसीमा ज्यादै कम हुँदै गइरहेको छ तर संविधान जारी हुने औपचारिक मिति जेठ १४ परिवर्तन भएको छैन ।

**सहमतिका क्षेत्रहरू**

२०६५ माघमा संविधानसभाका समितिहरुको गठन हुँदा नै प्रत्येक समितिका तय भएका थिए । **तिनमा उल्लेखित ६८ वटा मुद्दाहरूमध्ये ६३ वटा मुद्दाहरू समाधान भई अवधारणापत्र समितिका प्रतिवेदनहरु मसौदामा समावेश गरिसकिएका छन् ।** केही समितिका सदस्यहरूबीच असहमतिका उल्लेख्य क्षेत्रहरू रहे पनि धेरै महत्वपूर्ण मुद्दाहरूमाथि सदस्यहरूबीच सहमति भएको छ । उदाहरणका लागि सहमतिका क्षेत्रहरू निम्न छन्:

- प्रत्येक प्रान्तीय र स्थानीय सरकारलाई राष्ट्रिय अखण्डता र एकताबाट सीमित गरी राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक विकासका लागि **आत्म निर्णयको** पूर्ण अधिकार,
- कुनै राष्ट्रिय महत्वका मुद्दाहरूमाथि संघीय संसद्को दुई तिहाइ बहुमतले निर्णय गरी **जनमत सङ्ग्रह**मा जान सकिने
- नेपाल **बहुजातीय, बहुभाषिक, बहुधार्मिक, संघीय, लोकतान्त्रिक, गणतन्त्रात्मक, धर्मनिरपेक्ष** पूर्ण सामानुपातिक र भेदभावरहित **समावेशी** राष्ट्र हो ।
- **नागरिकता :** पितृपक्ष तथा मातृपक्षको समानीकरण; लिङ्ग परिवर्तनको अधिकार;
- **अविभेद र समानता** : सकारात्मक विभेदका लागि विशेष व्यवस्था;
- **सांस्कृतिक र शैक्षिक अधिकार** : प्रत्येक व्यक्ति, परिवार र समुदायका लागि;
- **नि:शुल्क सार्वजनिक शिक्षा :** माध्यमिक तह (कक्षा १०) सम्म;
- **धार्मिक स्वतन्त्रता** : स्वीकार गर्ने वा स्वीकार नगर्ने : अवलम्वन वा अभ्यास; प्रचार; त्याग वा धर्म परिवर्तन; संघसंस्था वा विद्यालयहरू र धार्मिक स्थलको व्यवस्थापन
- **भाषिक समानता – भाषिक तथा सांस्कृतिक विविधताको सम्मान :**
    - केन्द्रीय सरकारको **कामाकाजको भाषा** देवनागरी लिपिमा **नेपाली** ('तत्कालका लागि' भाषिक आयोगले अन्यथा सिफारिश गरेर कानुन नबनेसम्म); प्रान्त तथा स्थानीय निकायहरूमा सम्भाव्य थप एक कामकाजको भाषाको निर्णय प्रान्तीय संसद्हरूले गर्ने; प्रान्तले केन्द्रीय स्तरको सहित आफ्नै भाषाको प्रयोग गर्न सक्छ; प्रान्तहरूले एक आपसमा कुनै अर्कै भाषाको प्रयोग गर्न सक्छन् ।

- **अदालती कारवाहीको** भाषा **नेपाली** हुने
- सरकारी सेवा र अदालतमा **आफ्नो मातृभाषा प्रयोग गर्ने** सबैलाई हक (सम्बन्धित निकायले अनुवादको सुविधा उपलब्ध गराउनु पर्छ)
- **मातृभाषामा शिक्षा लिन** पाउनु सबै **समुदायको** हक (कुन तहसम्म किटान नभएको), आफ्नो संस्कृति र लीपिको सुरक्षा, कायम राख्ने र अभ्यास सम्बन्धी हक
- **भाषा सम्बन्धी आयोग** स्थापना हुनुपर्ने (प्रान्तहरूको प्रतिनिधित्वसहित)

- **समावेश र विविधता :**
  - **आदिवासी जनजाति समूहहरूलाई** पहिचानको हक तथा प्राकृतिक स्रोतहरूमा तिनीहरुको निर्भरताका अधारमा ती स्रोतहरूमाथि सम्मानपूर्वक पहुँचको हक हुनेछ
  - **छुवाछुत र जातीय भेदभाव** विरुद्धको हक : जात, वंश वा सामुदायका आधारमा कुनै पनि भेदभाव गर्न पाइनेछैन, र घृणामा आधारित अथवा सामाजिक भेदभावलाई उचित ठहर्याउने अभिव्यक्तिलाई प्रतिवन्ध लगाइनेछ; तर राज्यद्वारा सकारात्मक विभेदको नीतिलाई अवलम्बन गरिनुपर्ने; महिला र दलितहरूका लागि विशेष अधिकार
- **आर्थिक तथा सामाजिक नीतिः**
  - सबै खालका आर्थिक तथा सामाजिक असमानताहरुको हटाउन राज्यले नेपालमा उपलब्ध **स्रोतहरूको** न्यायपूर्ण **वितरण** गर्नुपर्ने
  - **सामाजिक न्याय :** प्रत्येक व्यक्तिलाई "व्यक्तित्व विकास, अरुबाट स्पष्ट व्यवहार तथा राज्यका स्रोतहरूमा बराबरी पहुँच सम्बन्धी हक" हुनेछ ।
  - **सामाजिक सुरक्षा** : एकल महिला, वृद्ध, अशक्त, असहाय, असहाय र जनजातिहरूका लागि
- **द्वन्द्वका सहिद** र तिनका परिवारहरूका लागि राहत, पहिचान र पुनर्स्थापना
- अन्तरिम संविधानमा भए अनुसारका आयोगहरू, (अर्थात् अख्तियार दुरुपयोग अनुसन्धान आयोग, (संघीय) लोकसेवा आयोग, (संघीय) निर्वाचन आयोग र

(संघीय/राष्ट्रिय) मानव अधिकार आयोग) संवैधानिक निकायका रूपमा रहेका छन् । (अन्तरिम संविधानमा रहेको) महालेखापरीक्षकलाई (संघीय) **लेखापरीक्षण आयोगमा** रूपान्तरण गरिनेछ ।

- छ वटा नयाँ आयोगहरू : (संघीय) **महिला** आयोग, (संघीय) **दलित** आयोग, (संघीय) **आदिवासी जनजाति** आयोग, (संघीय) **अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, सीमान्तकृत समुदायहरू** तथा पिछडिएको क्षेत्रका मानिसहरूको अधिकार संरक्षण आयोग, (संघीय) **मधेसी** आयोग, र (संघीय) **मुस्लिम** आयोग
- केन्द्रिय स्तरमा विधायिकी निकायको रूपमा काम गर्नका लागि प्रजातान्त्रिक प्रणालीबाट निर्वाचित संसद् हुनुपर्नेमा समितिका सदस्यहरू सहमत
- समितिको मसौदाले प्रतिनिधिसभा (१५१ सदस्यीय) हुनुपर्ने सुझाब दिएको छ तर राष्ट्रियसभा (५१ सदस्यीय) भनिने दोस्रो सभासहितको दुईसदनात्मक विधायिकाको स्थापनामा मतभेद रह्यो ।
- प्रतिनिधिसभाका १५१ सदस्यहरू प्रत्येक पाँच वर्षमा प्रत्यक्ष रूपले निर्वाचित हुने । ७६ वटा निर्वाचन क्षेत्रहरूबाट ७६ जना सांसद्हरू "प्रत्यक्ष निर्वाचन प्रणालीबाट" (टिप्पणी : उल्लेख नभए पनि, यो अनुमानले केही हदसम्म बहुमतमा आधारित प्रणालीको अर्थ दिन्छ) र ७५ जना समानुपातिक प्रतिनिधित्व प्रणालीबाट

**व्यवस्थापन कार्यविधि** : आर्थिक विधेयक (प्रतिनिधिसभामा मात्र) बाहेक अन्य विधेयक दुवै सदनमा प्रस्तुत गर्न सकिन्छ । कानुन बन्नका लागि विधेयक दुवै सदनबाट पारित भएको हुनुपर्दछ । तर आर्थिक विधेयकमाथि प्रतिक्रियाका लागि राष्ट्रियसभालाई मात्र १५ दिनको समय रहेको छ । त्यो समयावधिभित्र राष्ट्रियसभाले फिर्ता पठाएन भने प्रतिनिधिसभाले राष्ट्रियसभाको सुझावबिना नै प्रक्रिया अगाडि बढाउँछ । अन्यथा राष्ट्रियसभाले सुझावसहित (अथवा त्यसलाई अस्वीकार गर्छ) प्रतिनिधिसभामा फिर्ता पठाउनका लागि दुई महिनाको अवधि छ, र प्रतिनिधिसभाले राष्ट्रियसभाका चासोहरुलाई अर्को पटक यसका सदस्यहरुको सामान्य बहुमतबाट टुङगो लगाउन सक्छ ।

- **महिला कोटा**का लागि स्पष्ट सहमति भइसकेको छ तर विस्तृत विवरण प्रस्ट छैन । मसौदाले "उम्मेदवारहरूको कुल संख्याको कम्तिमा एक तिहाइ" महिला उम्मेदवार हुनु पर्ने कुरा भन्दछ । "प्रान्तीय संसदमा एक तिहाइ सदस्य महिला हुनुपर्ने" कुरा प्रान्तीय संसद सम्बन्धी पाठमा बढी प्रस्ट छ ।

- **समिति** दुवै सदनको **अध्यक्ष वा उपाध्यक्षमध्ये** एक महिला हुनैपर्छ भन्नेमा सहमत छ ।
- प्रत्येक प्रान्तहरूमा १८ जना प्रत्यक्ष निर्वाचन प्रणालीबाट र १७ जना समानुपातिक प्रणालीबाट प्रतिनिधित्व गर्ने गरी जम्मा ३५ सदस्यीय **एकात्मक सदन** हुनुपर्छ ।

**विवादित विषयहरू**

हाल छलफलमा रहेका मुख्य बुँदाहरू सरकारको स्वरूप, निर्वाचन प्रणाली, संघीय प्रदेशहरूको सीमा, „अग्राधिकार", न्यायिक स्वतन्त्रता र नयाँ संविधानको जारी भएपछिको संक्रमणकालीन अवस्थाको व्यवस्थापन आदिसँग सम्बन्धित छन् ।

- सरकारको स्वरूप : ए. नेकपा (माओवादी) सर्वदलीय सरकारलाई नेतृत्व गर्ने एक सदनसहितको प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको पक्षमा छ । नेपाली काँग्रेस र एमाले दुई-सदनात्मक सदनबाट र प्रान्तीय सभाहरूबाट अप्रत्यक्ष रूपमा निर्वाचित राष्ट्रपतिसहित प्रधानमन्त्रीले नेतृत्व गर्ने गरी संसदीय प्रणालीको पक्षमा छन् । तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) राष्ट्र प्रमुख, सरकार प्रमुख र सेना प्रमुख हुने राष्ट्रपति संसदबाट निर्वाचित राष्ट्रपति प्रणालीको पक्षमा छ ।
- निर्वाचन : माओवादी संघीय र प्रान्तीय तहका विधायिकामा ठूला सामुदायिक समूहहरूका लागि कोटासहित बहुमतीय प्रणालीको पक्षमा छ । नेपाली काङ्ग्रेस र एमाले २०६४ सालको निर्वाचनमा अपनाइएको पहिलो हुने निर्वाचित हुने र समानुपातिक प्रतिनिधित्वको मिश्रित प्रणालीको पक्षमा छन् । तमलोपा मिश्रित निर्वाचन प्रणालीको पक्षमा छ ।
- न्यायलयमा हुने नियुक्ति : माओवादीले संसद्को भूमिका खोजेका छन् जबकि अन्य दलहरू तथा कानुनी–न्यायिक निकायहरु विद्यमान संरचना र अभ्यासको पक्षमा जोडदार वकालत गर्दछन् ।
- प्रान्तहरू : भावी प्रान्तहरूको नाम, संख्या र सिमाना हालको छलफलका जटिल समस्याहरु हुन् ।
- समानुपातिकता : जाति/जात, क्षेत्र तथा लैङ्गिक समानुपातिकता प्रत्याभूति गराउने कुरा प्रास्तावनाका साथै मौलिक हक र अल्पसंख्यकको अधिकार, राजनीतिक संरचनाहरू र निर्वाचन प्रणालीलाई सम्बोधन गर्ने प्रावधानहरूमा उल्लेख गरिएका छन् । यी सिद्धान्तहरूको प्राप्ति अनिश्चित छ ।उदाहरणका लागि, महिलाको समानुपातिक प्रतिनिधित्व मिश्रित निर्वाचन प्रणालीको दलीय समानुपातिक प्रतिनिधित्वमा मात्र

लागू हुन्छ (२०६४ को निर्वाचनमा जस्तै जसबाट संविधान सभामा एक तिहाइ महिला सदस्हरु आएका थिए) वा महिलाका लागि ५० प्रतिशत सिटको प्रत्याभूति गर्दै पहिलो हुने निर्वाचित प्रणालीमा पनि पनि लागू हुनेछ ? विभिन्न नमूना, प्रणाली र प्रावधानहरूको पूर्णतः विश्लेषण गरिएपछि र राम्ररी बुझिएपछि मात्र विस्तृत परिणामहरू उत्पन्न हुन सक्छन् ।

- अन्य : अवधारणापत्रले नसमेटेका र प्राथमिकता नदिएका अरू सम्भाव्य विवादास्पद मुद्दाहरू पनि छन् । संघीयताको संक्रमणको व्यवस्थापन, उल्लेखित विशेष संरचनाको सम्बन्धमा विस्तृत कुरा (अर्थात्, स्वायत्त, संरक्षित र विशेष क्षेत्रहरू) र सुरक्षा क्षेत्रका मुद्दाहरुलाई यसमा पर्दछन् ।

**हालसम्मका प्रगतिहरू**

- देहायका बुँदाहरूसहित, एघार वटा अवधारणापत्रहरू तयार गर्न संविधानसभा सदस्यहरूले ठूलो प्रयास गरेका छन् -
    - ४७ वटा उप-समितिहरू र १८ वटा कार्यदलहरूको गठन ।
    - ६८२ वटा समिति बैठकहरू सञ्चालन (राज्य पुनर्संरचना र राज्य शक्तिको बाँडफाँड समिति मात्रैका १२७ वटा बैठक) भए ।
    - कारबाहीको २,९३३ पानाको प्रतिवेदन प्रकाशन जसमा मौलिक हक र निर्देशक सिद्धान्त समितिबाट सबैभन्दा (५६० पानाको) लामो प्रकाशित
    - दुई वटा प्रतिवेदनहरू सहमतिबाट पारित, जब कि अरू नौवटा प्रतिवेदनहरू मतदानबाट पारित भएका थिए ।
- संविधानसभाको कार्यले समावेशको प्रतिबद्धता गरेको छ ।
    - चौधमध्ये चारवटा समितिका सभापतिहरू महिला छन्
    - दुई थारू र एक नेवारसहित पाँच समितिका सभापतिहरू जनजातिबाट छन्, एक तराई बाहुनसहित पाँच वटा समितिका सभापतिहरू बाहुन छन्, र एक दलितसहित दुई समितिका सभापतिहरू मधेसी छन् ।

# संवैधानिक संवाद केन्द्रका गतिविधिहरू

माघ र फागुन सीसीडीका लागि व्यस्तताका महिना रहे। माघ २० गते अन्तर्राष्ट्रिय निर्वाचन विज्ञ कारे भोलानले "नेपालमा भावी निर्वाचन प्रणाली" सम्बन्धी प्रस्तुति गर्नुभयो । प्रस्तुतिमा संविधानसभा सदस्यहरू, नागरिक समाज संस्थाका प्रतिनिधिहरू, नयाँ संविधान लेखिएपछि नेपालमा हुने अर्को निर्वाचनमा चासो राख्ने नेपाली तथा विदेशीहरूले भाग लिएका थिए। पावरप्वाइन्टसँगै उहाँको प्रस्तुतिका लागि **संवैधानिक संवाद केन्द्रको वेबसाइट हेर्नुहोस्** ।

नयाँ संविधानको कार्यान्वयनका लागि तयारी गर्ने मुख्य निकाय तथा सम्वद्ध अधिकारीहरूबीच संवाद र विचारविमर्शको थालनी गर्न र नयाँ संघीय संरचनामा सहज सङ्क्रमणका लागि स्पष्ट र योजनावद्ध दृष्टिकोण बनाउनका लागि माघ २७ गते "सङ्क्रमण र कार्यान्वयन : २०६७ जेठपछि संविधान कार्यान्वयनका सन्दर्भमा आउने चुनौतीहरूसम्बन्धी कार्यसूची निर्माण" विषयक आधा-दिने



कार्यशाला गोष्ठीको आयोजना गरियो । सो कार्यशाला गोष्ठीमा मन्त्रालय, राष्ट्रिय आयोग, दातृ निकाय, कूटनीतिक नियोग, अनुसन्धान केन्द्र, विश्वविद्यालय, नागरिक समाज संस्था, स्थानीय सरकारका संघसंस्थाका प्रतिनिधिहरू र नीतिगत वकालत गर्ने विशिष्ट तथा विशेषज्ञ व्यक्तिहरूले भाग लिएका थिए । यस कार्यशालामा उठेका प्रमुख मुद्दाहरूको संक्षेप्त विवरणका लागि **संवैधानिक संवाद केन्द्रको वेबसाइटमा 'Events'**मा हेर्नुहोस् ।

नयाँ संघीय संरचना जाँदा र परिवर्तित प्रक्रियालाई व्यवस्थापन गर्दा ध्यान दिनु पर्ने पाँचवटा बुँदाहरू उल्लेख गर्दै कार्यक्रम समापन भएको थियो :

1. समयमा संविधान निर्माण हुने सम्बन्धमा मानिसहरु सशङ्कित रहे पनि, जनताले यसको लागि ठूलो अपेक्षा राखेका छन् । यस्तो अवस्थामा नयाँ संविधान समावेशी, जनताका अधिकारको सम्मान गर्ने, पूरा गर्ने र सुरक्षा गर्ने तथा दलित, आदिवासी जनजाति, बहिषकरणमा परेका महिलाहरू, अल्पसङ्ख्यक र सीमान्तकृत समुदायहरूको आबाजलाई प्रतिबिम्बित गराउने हुनेछ भन्ने कुरामा संविधानसभा सदस्यहरू सजग हुनु आवश्यक छ ।
2. नेपालले सङ्क्रमणको अनुभव गर्न लागेको यो पहिलो पटक होइन । विगतमा नेपाल धेरै पटक सङ्क्रमणकालबाट गुज्रेको छ । तसर्थ, नयाँ संविधानको प्रभावकारी कार्यान्वयनका लागि विगतमा सिकिएका पाठहरूलाई समावेश गरिनु पर्दछ र दोहोर्याएर राख्नुपर्ने हुन्छ । सङ्क्रमणको चरणलाई व्यवस्थापन गर्न अरू देशहरूका नमुना संविधानहरूको अध्ययन

हुनुपर्छ ।

3. नयाँ संविधानको कार्यान्वयन पछि सङ्क्रमणकाल वर्षौं लम्बिन सक्नेछ । सेवा सुविधा प्रदान, जनताका अपेक्षाहरू, प्रशासकीय काम र सम्बन्धित अरु कार्यहरूलाई व्यवस्थापन गर्न, व्यवस्थापकीय कार्य सहज गर्न, संविधानबाट सुनिश्चित हुनेगरी केही स्वतन्त्र निकाय, संयन्त्र वा आयोगहरूको स्थापना हुनु आवश्यक छ । त्यसैगरी, सङ्क्रमणकालको अनुगमन र निगरानी गर्न स्वतन्त्र उच्चस्तरीय संयन्त्र अवश्यक हुन्छ ।
4. स्थायित्व र दिगो शान्ति प्रक्रियाका लागि ठूलो राजनीतिक इच्छा र राजनैतिक दलका नेताहरूको प्रतिबद्धता हुनु पर्दछ । राजनैतिक नेतृत्व बलियो, उत्तरदायी र जनता केन्द्रित हुनु आवश्यक छ ।
5. सङ्क्रमण प्रक्रिया अफ्नै किसिमले सञ्चालन भए पनि, यसलाई सहयोगी र सङ्क्रमणलाई सहज तुल्याउनका लागि प्राविधिक तथा विशेषज्ञ सहयोग उपलब्ध गराउन अन्तर्राष्ट्रिय समुदाय तयार छ । तर यसका लागि तनीहरुलाई रणनीतिक योजना आवश्यक पर्दछ र सङ्क्रमण प्रक्रियालाई व्यवस्थापन गर्न राजनैतिक नेतृत्वले उनीहरुलाई यस्ता योजना र दृष्टिकोण दिन सक्नुपर्छ ।

नेपालमा सहभागितामूलक संविधान निर्माण परियोजना नागिरक समाज पहुँच कार्यक्रमले फागुन ३ देखि ५ सम्म धुलीखेलमा प्रमुख प्रशिक्षकहरुका लागि पुनर्ताजगी तालिमको आयोजना गर्यो । नेपालका सबै जिल्लाहरुमा मस्यौदा संविधानमा दोस्रो चरणको जनमत संकलनका लागि संवैधानिक संवाद कार्यक्रमको आयोजना गर्न अनुदान पाएका १८वटा गैर सरकारी संस्थाहरुका ३५ जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो । तालिमको उद्देश्य प्रमुख प्रशिक्षकहरुलाई मसौदा संविधानका वषायवस्तुबारे प्रभावकारी सहजकर्ता बनाउनु रहेको थियो, जसबाट संविधानका विषायवस्तुबारे जनतालाई जानकार बनाउन जिल्लाहरुमा जनतासँग हुने संवादहरु सफल हुन् र नयाँ संविधानले जनताका अपेक्षाहरु पूरा गरेको वा नगरेको भन्ने विश्लेषण गर्न सकून ।

## जनताको आवाज : संविधान निर्माणका समबन्धमा चितवनबाट आएका विचार

चितवन, संविधान सभा सदस्य र राजनैतिक दलहरू नयाँ संविधानका सानातिना कुराहरूमा खोजी गरेर व्यस्त भए पनि काठमान्डौंबाट १६० कि।मी। दक्षिणमा रहेको चितवनका मानिसहरू नयाँ

संविधान समयमै बन्नेछ र उनीहरूका मुद्दाहरू सम्बोधन हुनेछ भन्ने कुरामा आशावादी देखिन्छन्।

४० वर्षदेखिका अनुभवी मानव अधिकारकर्मी मुकुन्द दाहालले "नयाँ संविधानबाट जनताले ठूलो अपेक्षा राखेका छन्" भन्ने बताउनु हुन्छ। "जनताका आबाज सुनिनु पर्छ र नयाँ संविधानमा उनीहरूका अधिकारहरू राम्ररी सुनिश्चित गरिनु पर्छ भन्ने चाहन्छन् ।" निर्धारित समय सीमाभित्र संविधान लेख्न ढिलो भए पनि राजनैतिक दलका नेताहरूले समयमा संविधान लेखी जनताका इच्छा, आकाङ्क्षाहरू पूरा हुने आशामा उनीहरू छन् भन्ने कुरामा दाहालको विश्वास छ।

तर नयाँ संविधान समयमै लागू हुने कुरामा शङ्का गर्ने मानिसहरू त्यहाँ धेरै छन् । नयाँ संविधानले चितवनका ग्रामीण भेगमा रहेका मानिसहरूका आधारभूत आवश्यकताहरू जस्तै स् खाना, शिक्षा, रोजगार जसले उनीहरूको जीवनमा धेरै असर गरेको हुन्छ भन्ने कुरामा पहुँचको सुनिश्चिततामाथि समेत शङ्का मानेका छन् ।

बचौली गाविस वडा नं ५ का ५७ वर्षीय किसान जीवन महतोले जनताका सुझाब सङ्कलन गर्न



पहिलो पटक आएका संविधान सभा सदस्यहरूलाई सब भन्दा पहिले बचौली गाविसका नौ वटै वडाहरूमा राम्रा सडक र सिँचाइ सुबिधाको माग हामीले राख्यौं भन्ने बताउनु हुन्छ। " यदि नयाँ संविधान जनताका लागि हो भने, हाम्रा मुद्दाहरू सम्बोधन हुनु पर्छ भन्ने पनि बताए ।"

यो कुनै आश्चर्य होइन कि सामाजिक-आर्थिक पृष्ठभूमी फरक भएका मानिसहरूका राय सुझाबहरु पनि फरक-फरक हुन्छन् । नयाँ संविधानले गरीबीको रेखामूनि रहेका मानिसहरूका जीवन शैलीमा एकैचोटी फरक ल्याउनेछ भन्ने जस्ता प्रश्न उनीहरूले गर्छन्।



पालुमपुरका २४ वर्षीय भीम कुमारी जीसी घरायसी हिंसाको शिकार हुनु हुन्छ र उहाँले आफ्नो मुद्दा अदालत सम्म पनि पुर्याउनु भएको छ । "कुनै पनि महिला पति वा सासू-ससुराको शिकार नहुने कुराको सुनिश्चितता नयाँ संविधानले गर्नु पर्ने हुन्छ ।"

पहिलो पल्ट जनमत सङ्कलन गर्न आएका संविधान सभासदस्यहरूले जनताहरूबीच धेरै राम्रो र गहिरो छलफल गरेको कुरा सहरमा बस्ने शिक्षित मानिसहरूले खुसीपूर्बक बताउँछन् तर ती राय सुझाबहरू २०६६ फागुन महिनामा सार्वजनिक हुने मस्यौदा संविधानमा सन्तोषजनक तरिकाले

समावेश हुन्छ कि हुँदैन भन्ने प्रश्न धेरैले उठाए।

मस्यौदा संविधान सार्वजनिकपछि दोस्रो पल्टको जनमत सङ्कलनका बेलामा संविधान सभा सदस्यहरूले जनताका प्रश्नहरूका जवाफ दिन तयार रहनु पर्नेछ भन्ने कुरामा अधिवक्ता दुर्गा थपलियाले जोड दिनु हुन्छ । "उनीहरूका राय सुझाबहरू मस्यौदा संविधानमा कति सम्मिलित भयो वा भएन भनेर सोध्नेछन्" भनी उहाँले बताउनु हुन्छ। "जनताका स्वीकार्यहरूका लागि यस्ता प्रश्नहरुका जवाफ दिनु विशेष रूपमा महत्त्वपूर्ण हुन्छ ।

जिल्ला प्रशासन कार्यालयका प्रमुख महेश्वर न्यौपानेले संविधान निर्माण प्रक्रियामा चितवनको सकृय सहभागिता रहेको तर जनमत सङ्कलनका लागि संविधान सभाले पूर्व निर्धारण गरेको समय तीन महिनाबाट तीन हप्तामा घटाइएको कुरामा चासो व्यक्त गर्नु भयो । "जनताका उच्च आकाङ्क्षा र उनीहरूका आबाज सुनिनु पर्ने अवस्थामा जनमत सङ्कलनको अर्को चरणमा बढी भन्दा बढी सहभागिताको सुनिश्चतता हुनु जरूरी छ" भन्ने न्यौपाने बताउनु हुन्छ ।

संविधान सभा पहुँचको दोस्रो चरणमा संविधान सभा र उनीहरूका निकायहरूबीचमा छलफल संयोजन गर्न जि।प्र।का। प्रमुखहरूको मुख्य भूमिका रहन्छ । मस्यौदा संविधानमाथि टिप्पणी गर्न स्थानीय राजनैतिक दल, नागरिक समाज, सञ्चार र अरूहरूको अवसरको सुनिश्चितता सम्बन्धी दोष उनीहरूले लगाउने छन् ।

## संविधानसभाका महिला सदस्य मोहमद्दी सिद्दिकीसँगको अन्तरवार्ता

शान्त र हँसिलो स्वभावकी सँधै सकारात्मक रहने पचास वर्षीया मोहम्मदी सिद्दिकीको जन्म र विवाह मुस्लिम परिवारमा पश्चिम नेपालको बाँकेमा भएको हो ।तर उहाँ महिलाका लागि अधिकारमा बन्देज लगाइएकामा सँधै प्रश्न गर्नुहुन्थ्यो । घरधन्दामा व्यस्त रहँदा पनि उहाँले पतिमार्फत् राजनीतिसम्बन्धी चासो राख्न कहिलै छोड्नु भएन । त्यसबेला उहाँका पति बाँकेमा सक्रिय राजनीतिकर्मी हुनुहुन्थ्यो । उहाँले प्रजातन्त्रका लागि उहाँका पतिको साहसिक प्रयासलाई सहयोग गर्नुभयो । उदाहरणका लागि २०४६ सालको जनआन्दोलनका बेला उहाँले राती-राती पतिका कार्यकर्ताहरुका लागि काला झण्डा बनाइदिनुभयो । तर उहाँको राजनीतप्रतिको रुची यतिमै समाप्त भएन । उहाँका पतिको निधनपछि उहाँले २०५४ सालको स्थानीय निर्वाचनमा प्रतिस्पर्धा

गर्नुभयो र नेपालगन्ज नगरपालिकाको वडा सदस्यसमेत हुनुभयो । बुर्काभित्र रहने महिलाहरूलाई बाहिर ल्याउने अभियानको शुरूआत गर्दा धार्मिक नेता र समुदायका वरिष्ठ सदस्यहरू उहाँसँग राम्ररी बोल्दा पनि बरु उहाँमाथि आक्रमणको प्रयास भयो । उहाँ कहिलै पनि हतास हुनुभएन र अन्ततः सन् २००४ मा फतिमा फाउन्डेसन-नेपाल (महिला र बालबालिकाहरूका लागि) को स्थापना गरी स्वतन्त्रताको आफ्नो बाटोमा लाग्न सफल हुनुभयो । शुरूमा यस संस्थाको स्थापना मुस्लिम तथा सामान्य सेवा सुविधाबाट बञ्चित समुदायका महिला र बालबालिकाहरूको कल्याणसम्बन्धी मुद्दाहरूलाई सम्बोधन गर्न भएको थियो । सो संस्थाले मुस्लिम र मधेसी महिलाहरूको सामाजिक न्याय र आर्थिक विकासका लागि निर्णायक तहमा वकालत गर्नुका साथै बाँके र बर्दिया जिल्लाका मुस्लिम महिला र बालबालिकालगायत बाँके र



बर्दियाका अन्य सीमान्तकृत समुदायहरूबीच जनचेतना जगाउने काम गरिरहेको छ । मुस्लिम महिलाको सशक्तीकरणका लागि पुर्याउनु भएको योगदानका कारण उहाँ नेपाली काङ्ग्रेसको तर्फबाट समानुपातिक प्रतिनिधित्वमार्फत् संविधानसभामा सदस्य हुनुभयो । प्रतिष्ठित अशोका फेलोसिप प्राप्त सिद्दकी हाल महिला ककसको अध्यक्ष पनि हुनुहुन्छ ।

प्रस्तुत छ संविधानमा महिला मुद्दासम्बन्धी वर्तमान गतिविधिहरूबारे रोजी कट्टेलले उहाँसँग गर्नुभएको कुराकानीः

**प्रश्न : अहिले केमा व्यस्त हुनुहुन्छ ?**

उत्तर- नयाँ संविधानमा महिलाका मुद्दाहरूलाई कसरी सुनिश्चित गराउने भन्ने कुरामा हामी अहिले व्यस्त छौँ । हुन त ककसले एघारवटा समितिको अवधारणापत्र अस्ति नै बुझाइसक्यो र अहिले मसौदालाई विशलेषण गरेर त्यसलाई सङ्ग्रहित गर्ने काम गरिरहेका छौँ । यी कुराहरूलाई सङ्ग्रहित गर्दा हामीसँग भएको अनुभव, पीडा र राजनीतिक जनचेतनाहरूलाई आधार बनाएका थियौ । हामी आफैं विज्ञ तथा कानुनविद् नभएकोले हाम्रा मुद्दाहरू विज्ञ र कानुनविद्को शब्दमा कसरी राख्ने ? हाम्रा कमी कमजोरी कहाँ रहे ? यसलाई कसरी मिलाउने ? कुन तरिकाले मिलाउने ? जस्ता कुरामा पनि हामीले ध्यान दिनु जरूरी छ । समय र स्रोतसामग्रीको अभावका कारण ती एघारवटा समितिलाई दुई खण्डमा बाँड्यौ र यसका लागि हामीले दुईजना विशेषज्ञहरूबाट सहयोग पनि लियौं ।

**प्रश्न : राजनीतिक वृत्तमा त दलहरूबीचमा थुप्रै मत मतान्तर छन् । ककसमायसको प्रभाव छैन त ?**

उत्तर- छैन, तपाईँले ककसलाई हेर्नुभयो भने हामीले आफैँले नियमावली बनाएको पाउनुहुनेछ । नेतृत्व परिवर्तन गर्ने परिपाटी पनि बनाएका छौँ । सबैभन्दा बढी मत पाएको पार्टी एकीकृत नेकपा (माओवादी)का साथी दामा शर्माले पहिलो नेतृत्व लिनुभयो र चार महिना उहाँको कार्यकाल हामीले हेर्यौं । त्यसपछि अब चार महिनाका लागि काङ्ग्रेसको पालो त्यसबाट म प्रतिनिधित्व गरिरहेकी छु । मपछि एमालेको पालो आउँछ, त्यसरी नै फोरमको पालो आउँछ । यसबाट के बुझिन्छ भने हामी विभिन्न राजनीतिक विचारधाराका महिला भए पनि समावेशी आधारमा एकजुट भएर महिलाका मुद्दाहरूलाई अगाडि सारिरहेका छौँ ।

**प्रश्न : महिलाको सवालमा संविधानसभामा के कस्ता प्रगति भएका छन् त?**

उत्तर- पहिला त प्रगति भनेको एकदमै न्यून थियो तर अहिले धेरै नै प्रगति भएको छ । हामीले धेरै तनाव खप्न बाँकी नै छ तर कहीँ न कहीँ सुधार आइरहेको छ। जस्तो कि, हाम्रो सवाल के छ भने जनसंख्याको आधारमा समानुपातिक समावेशी हुनुपर्छ र यसको अर्थ पनि म भन्न चाहन्छु । जति जनसंख्या जुन समुदायको छ अथवा महिलाहरूको छ त्यसै आधारमा समावेशी हुनु आवश्यक छ । आज हाम्रो प्रमुख मुद्दा भनेको महिला नै हो । साथीहरूलाई अलिकता शान्त भएर मात्र महिलाको मुद्दामा ध्यान दिनका लागि अनुरोध गर्न चाहन्छु । अहिले हामी महिला कहाँ छौ र हाम्रो के स्थान छ भन्ने कुरामा यो संविधानसभाको मस्यौदाबाट विशेषज्ञहरूले बुलेट प्वाइन्टहरू निकाली राख्नुभएको छ । त्यसका बारेमा हामी महिला ककस बसेर छलफल गर्नेछौ । ती सुझाबहरूलाई सङ्कलन गरेर एउटा दस्ताबेज बनाउँछौ र सबैको हातमा पुर्याउँछौं । यसलाई पुन: फिल्टर गरेर जनतासम्म हाम्रा समूहहरू जान्छन् । महिला समस्याहरूको दस्ताबेज महिला सभासद् साथीहरूको हातमा हुन्छ । यही उद्देश्य राखेर आज हामीले महिला लैङ्गिक सवालहरू समावेश भए कि भएनन् ? भए भने कतिसम्म भए ? अब के गर्नु पर्छ ? त्यस्ता कार्यहरूमा भनेर लागिपरेका छौं ।

**प्रश्न : संविधान समयमै बन्छ भन्नेमा कत्तिको विश्वस्त हुनुहुन्छ ?**

उत्तर- मैले कस्तो विश्वास लिएकी छु भने, राजनीतिक नेताहरू आपसमा मिल्नेछन् र उनीहरूले समय खेर जान दिंदैनन् । तत्काल राजनीतिक कुराहरू मिलिरहेका छैनन् त्यो तपाईकै अगाडि छ । मलाई के लाग्छ कि जनताले जुन कार्यादेश दिएका छन् त्यो कार्यादेशलाई लक्ष्यसम्म पुर्याउनका लागि नेताहरू अथवा राजनीति दलहरू मिल्नै पर्ने हुन्छ । मिलेर नै यो संविधान बन्ने हो, शासनको लागि हामी निर्वाचित भएका छैनौ । प्रधानमन्त्री अथवा राष्ट्रपति अथवा कुनै पदका लागि होइन कि, संविधानसभा त जनताहरूको प्रतिनिधिमूलक सभा हो, जसले संविधान बनाउँछ यो

मेरुदण्ड हो । यो प्रत्येक नागरिक, अपाङ्गता भएका व्यक्ति, वृद्ध, दलित, जनजाति, मुस्लिमहरूले हिड्न पाउने अवस्था सिर्जना गर्ने अनि देशमा शान्ति स्थापना गर्ने र सबैको सवाललाई समेट्ने सभा हो । त्यसकारण पक्कै पनि नेताहरूले यसलाई ध्यान दिनु हुन्छ । बस, यही मेरो विश्वास छ । अर्थात् जे भए पनि उहाँहरू एकजुट भएर आउनु हुन्छ भने, विश्वास मलाई लागेको छ ।

**प्रश्न : राजनीतिमा महिलाहरूका साझा मुद्दाहरु केके हुन् ?**

उत्तर – लगभग सबै समुदायका महिलाहरूलाई राजनीतिबाट टाढा राखिनु, हार्ने ठाँउमा महिलाहरूलाई उम्मेदवार बनाइनु, महिलाहरूलाई नेतृत्व पदमा नराख्नु जस्ता समस्याहरू हाम्रा साझा समस्या हुन् । महिलाहरूको जनसंख्याका लागि अन्तरिम संविधानले तेत्तीस प्रतिशतको व्यवस्था कुन आधारमा गर्यो । यी कुरामा पनि म अस्पष्ट छु तर त्यो बेलाका महिलाहरूलाई तेत्तीस प्रतिशत अधिकार दिनु पनि सकारात्मक कुरा नै हो । महिलाहरू राजनीतिक चेतनाभन्दा टाढा थिए तर आज शिक्षित भइरहेका छन् । राजनीतिक जनचेतना बढिरहेकोछ, अहिले स्थानीय तहमा अथवा प्रत्येक स्तरमा पनि महिलाहरू सक्षम भएर आइरहेका छन् । यसैकारण अहिले हाम्रा साझा मुद्दा के छ भने, राजनीतिक सहभागिता, निर्णयमा सहभागिता, परिवारभित्र महिलाको सहभागिता र समाजभित्र महिलाको सहभागिता गराउन अहिले पनि खाड़लहरू छन् । शान्ति समितिहरू बनेका छन् तर त्यहाँ पनि तेत्तीस प्रतिशत अधिकार दिइएको छैन । तपाई प्रशासनमा हेर्नुहोस् तेत्तीस प्रतिशत छैन । महिलाहरू सक्षम भए पनि राजदूतमा तेत्तीस प्रतिशत सहभागिता छैन । यस्ता धेरै कुरामा अझै पनि हामीले संघर्ष गर्न बाँकी नै रहेकोछ । यो साझा सवाल हो यसमा सबै सक्षम महिलाहरू पुग्न सक्छन् । पुग्न नदिने एउटा सेट मानसिकता छ कि, महिलाहरू सक्षम छैनन् भन्ने त्यो हेप्ने अथवा पुरूषवादी सोच, पुरानै संस्कारबाट आइरहेको छ तर त्यो समय गइसक्यो । महिलाहरू सक्षम छन् राजनीतिमा सहभागिता हुन्छ भने विस्तारै खास गरी अहिले संविधानसभामा समावेशी समानुपातिक सुनिश्चित हुन्छ भन्नेमा म आज पनि विश्वस्त छु र दलित, जनजाति, मुस्लिम सबै समुदायका महिलाहरू यसमा आउँछन् भने मेरो दृढ विश्वास छ ।

**प्रश्न : सङ्घीयताबारे तपाईंको धारणा ?**

उत्तर – सङ्घीयता हाम्रो विकास, पहुँच र समानताका लागि हो । झोलुङ्गे पुल छैन, सडक - बाटो छैन । अहिले पनि तराइमा खास ठाँउमा पुग्न एउटा पिच छैन । सर्वप्रथम त विकास हो, विकास हुन्छ भने पहुँच पनि सँगसँगै आउँछ । पहुँच हुन्छ भने उसको अधिकार सुरक्षित हुन्छ । अधिकार सुरक्षित हुन्छ भने त्यसले राष्ट्रियताको भावना पनि बढाउँछ । नागरिकको उत्तरदायित्व पनि बढछ र एक अर्कासँग धेरै कुराहरू जोडिन्छन् । धन्यवाद।

# संवैधानिक पहुँचका लागि प्रमुख प्रशिक्षक तालिम

चितवन, संविधान लेखन कार्यले आफ्नो गति लिइरहेको र संविधानसभाबाट संविधानसभा कार्यतालिका नवौँ पटक संशोधन भइसकेको अवस्थामा नेपालमा सहभागितामूलक संविधान निर्माण सहयोग परियोजनाअन्तर्गतको नागरिक समाज पहुँच कार्यक्रमले २०६६ माघ १३ देखि १६ गतेसम्म चार दिने प्रशिक्षक प्रशिक्षण तालिम कार्यक्रमको आयोजना गर्यो ।

मस्यौदा संविधान सार्वजनिक भएपछि त्यसको पुनरावलोकनका लागि जिल्ला स्तरीय तालिम कार्यक्रम सञ्चालन गराउन प्रमुख प्रशिक्षकहरूलाई तालिम दिने कार्यशालाको उद्देश्य रहेको छ । तालिम कार्यक्रममा देशभरिका विभिन्न समूह र समुदायहरूको प्रतिनिधित्व गर्ने ३२ जना प्रमुख प्रशिक्षहरूको सहभागिता रहेको थियो ।

दलित गैरसहकारी संस्था महासंघका प्रतिनिधि लीलबहादुर बिकेले तालिमपछि जनतासमक्ष पुगी उनीहरूका राय सङ्कलन गर्न सक्ने र त्यस्तो विधि स्थानीय र गाउँ विकास समिति स्तरका प्रशिक्षकहरुसम्म पुर्याउन सक्ने कुराको अपेक्षा गरेको बताउनुभयो ।



सुशासन तथा विकास प्रतिष्ठान (आइजीडी) ले प्रमुख प्रशिक्षकहरूलाई तालिम प्रदान गरेको थियो । प्रत्येक गाविसहरूबाट एकजना महिला र एकजना पुरूष गरी दुईजना सहजकर्ताहरुले मस्यौदा संविधानको पुनरावलोकन कार्यमा सहयोग पुर्याउनेछन् । तालिम देशभरका सबै तीन हजार ९१५ गाविसहरूमा पुग्ने अपेक्षा गरिएको छ।

नागरिक समाज पहुँच कार्यक्रमका टोली नेता कीथ लेसलीले संविधानका बारेमा जनतालाई शिक्षित तुल्याउन र चेतना जगाउनका लागि प्रमुख प्रशिक्षकहरुको जिम्मेवारी नाटकीय रुपमा बढेको र नयाँ संविधान मस्यौदाको ऐतिहासिक प्रक्रियालाई सफल बनाउन सबैले एउटै टोलीको रुपमा काम गर्नुपर्दछ भन्नुभयो ।

प्रमुख प्रशिक्षकबाट तालिम प्राप्त सहजकर्ताहरूले नयाँ संविधानका प्रमुख १२ वटा विषयहरुमा अभिमत सङकलन गर्नेछन् । उदाहरणका लागि तिनीहरु मौलिक हक, नागरिकको कर्तव्य र जिम्मेवारी, अल्पसङख्यक र सीमान्तकृत समुदायको अधिकार, स्थानीय प्राकृतिक स्रोतको वितरण,

सुरक्षा र प्रयोग, स्थानीय स्वयत्त शासन, शासन प्रणाली, र संघीय संरचनामा आदि रहेका छन् ।

सुशासन तथा विकास प्रतिष्ठान (आइजीडी) का प्रशिक्षक शम्भु राईले यी विषयमा सङ्कलन गरिएका सुझावहरुमाथि प्रत्येक निर्वाचन क्षेत्रहरुमा कार्यशालाको आयोजना गरिने र प्रत्येक कार्यशालाको प्रतिवेदन तयार गरिने जानकारी दिनुभयो। जनताका सुझावहरुको पुनरावलोकन र प्रभावकारी कार्यान्वयनका लागि निर्वाचन क्षेत्रस्तरीय प्रतिवेदनको सङ्ग्रह संविधानसभा र संवैधानिक समितिसमक्ष प्रस्तुत गरिने पनि उहाँले उल्लेख गर्नुभयो ।

नेवाः देय दबूका सहभागी प्रवीण होराले यो ऐतिहासिक अवसर भएकाले जनताका आवाज सुनिएको सुनिश्चित गर्न काम गर्नु पर्ने र ती आवाजहरु नयाँ संविधानमा समावेश भएको हुनु पर्ने कुरा उल्लेख गर्नुभयो ।

## प्रश्नावली: तपाईले चाहनुभएको कुरा हामीलाई भन्नुहोस्

यस प्रश्नावलीको उद्देश्य संविधान निर्माण ई-बुलेटिन (सीबी-इबी)मा कसरी सुधार ल्याउने भन्ने जानकारी प्राप्त गर्नु हो । प्रदान गरिएको जानकारी आन्तरिक प्रयोजनका लागि मात्र प्रयोग गरिनेछ ।

१. सीबी-इबी डाउनलोड गर्न र सामग्रीहरूमा सजिलै पहुँच पाउन सक्षम हुनुहुन्छ ?
हो – टिप्पणी :
होइन – टिप्पणी :

२. सीबी-इबीले तपाईंको आवश्यकता पूरा गर्ने जानकारी दिन्छ ?
क) सीबी-इबीले सबै अपेक्षाहरू पूरा गर्छ
ख) सीबी-इबीले धेरैजसो अपेक्षाहरू पूरा गर्छ
ग) सीबी-इबीले केही अपेक्षाहरू पूरा गर्छ
घ) सीबी-इबीले थोरै अपेक्षाहरू पूरा गर्छ
ङ) सीबी-इबीले कुनै पनि अपेक्षा पूरा गर्दैन

पूरा भएका र नभएका अपेक्षाहरू उल्लेख गर्नुहोस् :
पूरा भएका ____________________________________________

पूरा नभएका ______________________________________________

३. सीबी-इबीबाट संविधान निर्माणसम्बन्धी कस्तो प्रकारको खास जानकारी पाउन चाहनुहुन्छ ?

४. संविधान निर्माणका सम्बन्धमा काठमाडौं बाहिरका मानिसहरूको सहभागितासम्बन्धी लेखहरू चाहनुहुन्छ ? त्यसो हो भने, प्रत्येक अङ्कमा कति ओटा ?
एउटामा चिह्न लगाउनुहोस् : १ २ ३

५. संविधानको मस्यौदा भइसकेपछि, सीबी-इबीको कस्तो भूमिकाको अपेक्षा गर्नुहुन्छ ? कुनै भूमिकाको अपेक्षा भए उल्लेख गर्नुहोस् ।

६. सीबी-इबी कुन रुपमा प्राप्त गर्न चाहनुहुन्छ? (कृपया एउटा वा दुईवटामा चिह्न लगाउनुहोस्)
क.) ई-बुलेटिन
ख.) ई–मेलमार्फत् पीडीएफ फाइल
ग.) म सीबी-इबी पाउन चाहन्न ।

७. सीबी-इबी कति पटक पाउन चाहनुहुन्छ ? (कृपया एउटामा चिह्न लगाउनुहोस्)
क.) साप्ताहिक रुपमा
ख.) पाक्षिक रुपमा

८. संवैधानिक संवाद केन्द्रको नयाँ वेबसाइट खोल्नुभएको छ ?
एउटामा गोलो लगाउनुहोस् : छ छैन ।

तपाईँलाई आवश्यक जानकारी दिन यसमा कसरी सुधार गर्न सकिन्छ ?

संवैधानिक संवाद केन्द्रको वेबसाइट उपयोगितासम्बन्धी अध्ययनमा भाग लिन चाहनुहुन्छ ?
एउटामा चिह्न लगाउनुहोस् : चाहन्छु चाहान्न ।

# संविधान निर्माणसम्बन्धी स्रोत सामग्री तथा नयाँ प्रकाशनहरू

सीसीडी वेबसाइट (www.ccd.org.np) मा संवैधानिक विषयहरूसम्बन्धी सञ्चार अनुगमन, सीसीडी पुस्तकालयका ग्रन्थसूची, अरू देशका संविधानको विस्तृत सूची, नेपालका सम्पूर्ण संविधानहरू, अन्य निकै राम्रा अनुसन्धानात्मक अध्ययन र लेखहरूका साथै संविधान निर्माणमा संलग्न अन्य संस्थाहरूका लिङ्क राखिएको छ। वेबसाइटको एउटा नयाँ विशेषताका रूपमा प्रस्तुत गरिएको „विशेषज्ञलाई प्रश्न" मार्फत् संविधान निर्माणसम्बन्धी प्रश्नहरू सोध्न सकिन्छ र ती प्रश्नका जबाफ तीन दिनभित्र पाउन सकिन्छ ।

संविधानसभाका सदस्यहरू, संविधानसभाका समय-तालिकाहरू, विधेयकहरू, संविधानसभाका समितिहरू, संविधानसभाको सूचनापाटी र अन्य कुराहरूबारे जानकारी पाउनका लागि संविधानसभाको आधिकारिक वेबसाइट http://www.can.gov.np/index.php राम्रो स्रोतका रूपमा रहेको छ ।

नेपालबाट अङ्ग्रेजी भाषामा प्रकाशित हुने गरेको पत्रिका „**द अर्गनाइजेशन**" (वर्ष १२, अङ्क २)को पछिल्लो अङ्क „**लोकतान्त्रिक सङ्घीय गणतन्त्रतर्फनेपालको सङ्क्रमणका सन्दर्भमा शासन व्यवस्थाका चुनौतीहरू**मा केन्द्रित रहेको छ । 'खतरनाक स्थानमा विकास' शीर्षकको लेखमा पाउल कोलियरले हिँसाको इतिहास भएका वा त्यस स्थितिबाट सुधारतर्फ उन्मुख भइरहेका वर्तमान नेपाल जस्ता देशहरूको विकासबारे चर्चा गर्नुभएको छ । पीटर डे स्कीपरले 'नेपालमा शासन व्यवस्था र विकेन्द्रीकरण' विषयक लेखमा सङ्घीयता र यससँग झुण्डिएर आउनसक्ने मूल्यबारे उल्लेख गर्नुभएको छ । केन अफुलको लेख 'सङ्क्रमणकालीन शासन व्यवस्था : कठिन चयन'मा सङ्क्रमणकालीन सरकारका चुनौतीहरू तथा विकास साझेदारहरू र सार्वजनिक निकायले यस्तो सङ्क्रमणकालीन कठिन अवस्थामा गर्नसक्ने सहयोगबारे छलफल गरिएको छ । यसका अतिरिक्त नेपालमा महिलाको अवस्था र उनीहरूका अधिकार, नेपाली महिलाका विकासमा प्रभाव पार्दै आएको घरेलु हिँसा, निरक्षरता र लैङ्गिक विभेद, राजनीति, निजी क्षेत्र, न्यायिक र सञ्चार जगतमा महिलाको प्रतिनिधित्वका साथै राजमार्ग-विकास, सङ्घीयता र सङ्क्रमणसम्बन्धी लेखहरू पनि यस संस्करणमा समावेश गरिएको छ ।